# रेडियो नेटवर्कको बहसमा देखापरेका विविध धार र यो अध्ययन

नेपालमा एफएम रेडियोको सङ्ख्या उल्लेखनीय रूपमा बढेको छ। एफएम रेडियोको स्थापनामा सुरुदेखि नै एक किसिमको उत्साह छँदै थियो । २०६२/६३ को जनआन्दोलनपछि लहर नै आयो ।[१] सूचना तथा सञ्चार मन्त्रालयले २०६५ कात्तिक अन्त्यसम्ममा तीन सयको हाराहारीमा एफएम रेडियो प्रसारणका लागि इजाजत पत्र दिइसकेको छ । तीमध्ये १७२ ओटाले नियमित प्रसारण थालिसकेका छन् । देशका विभिन्न स्थानमा रेडियो स्टेसन स्थापनाका लागि छुट्टै इजाजत लिएर काठमाडौँको प्रसारणलाई नै रिले गरेर बजाउँदै आएका रेडियो नेपाल, इमेज र कान्तिपुरका सबै ट्रान्समिटिङ स्टेसनहरू समेतलाई जोड्ने हो भने प्रसारण गरिरहेका रेडियोको सङ्ख्या १९५ पुग्छ ।[२] अहिले पनि फाट्टफुट्ट रूपमा

---

[१] एफएम रेडियो र २०६२/६३ को राजनीतिक परिवर्तनबीचको सम्बन्धलाई प्रत्यूष वन्त (सन् २००८) ले विस्तारमा केलाएका छन् ।

[२] यो सङ्ख्या इक्वल एक्सेस नेपालले सञ्चालन गरेको वेवसाइट www.nepalradio.org बाट लिइएको हो । रेडियो नेपाल, कान्तिपुर एफएम र इमेज एफएमले छुट्टाछुट्टै इजाजत पत्र लिएर सञ्चालन गरेका ट्रान्समिटिङ स्टेसनहरू कहाँ कहाँ कति सङ्ख्यामा छन् भन्नेबारेमा थप जानकारी उप्रेती (२०६५) मा दिइएको छ ।

इजाजत पत्र लिने क्रम जारी नै छ । लगभग सबै जिल्लामा एफएम रेडियोको इजाजत पत्र पुगिसकेको छ ।

सञ्चालन भइसकेका रेडियोमा व्यापारिक, गैरसरकारी, सहकारी र शैक्षिक संस्था तथा स्थानीय र केन्द्रीय सरकारको संलग्नता छ । एफएम रेडियोको यो सङ्ख्यात्मक विस्तारले यस माध्यमप्रति नेपालीको आकर्षणलाई उजागर गरेको छ । साथै, स्वतन्त्र रूपले सूचनाको प्रवाहमा एफएम रेडियोले खेल्दै आएको भूमिकाका कारण यिनको लोकप्रियता पनि नेपाली समाजमा बढ्दै छ ।[३]

एफएम रेडियोको लोकप्रियता र यसतर्फको आकर्षणसँगै समाजका विभिन्न तह र तप्कामा यसको प्रभावकारिता, यसको भविष्य र यसले सम्प्रेषण गर्ने विषयवस्तुलाई लिएर विभिन्न कोणबाट टीकाटिप्पणी र बहस हुने गरेका छन् ।[४] यस क्रममा पछिल्लो समयमा बहसको विषय भएको छ- एफएम रेडियोमा नेटवर्किङ ।[५]

सामान्यतया रेडियो नेटवर्क भन्नाले त्यस्तो प्राविधिक प्रणाली हो, जसमा एउटा रेडियो वा उत्पादन गृहले एक ठाउँमा उत्पादन गरेका कार्यक्रम विभिन्न स्टेसनलाई वितरण गरिन्छ । यसको उद्देश्य एउटै सामग्रीलाई विभिन्न रेडियोका माध्यमबाट प्रसारण गर्नु हो ।

---

[३] सन् २००५ मा एमएस नेपालले त्यतिबेलाका रेडियोको स्थिति र प्रवृत्तिबारे अध्ययन प्रतिवेदन निकालेको छ । सो प्रतिवेदनमा विकास र सामाजिक न्यायमा एफएम रेडियोको भूमिका सकारात्मक रहेको औंल्याइएको छ (गुरागाईं र घिमिरे सन् २००५) ।

[४] नेपालमा निजी क्षेत्रबाट एफएम रेडियो सञ्चालन हुनुभन्दा अघिका दिनहरूका बारेमा रमाइलो टिप्पणी वाग्ले (२०५९) मा पढ्न पाइन्छ । सो लेखमा २०५२ मा रेडियो नेपालले १०० मेगाहर्जमा सञ्चालन गरेको एफएम काठमाडौंको प्रसारण र त्यसका कार्यक्रमबारे केही टिप्पणी गरिएको छ । एफएम रेडियोबारे प्रारम्भिक दिनका छलफलमा भाषा र संस्कृतिमाथि प्रहार भएका विषयले निकै चर्चा पाउँथे । त्यतिबेलाका बहसका केही झलक हुमागाईं (२०६२) मा पनि छ ।

[५] एफएम रेडियोको नेटवर्किङसम्बन्धी नेटवर्क सञ्चालक र रेडियो प्रसारणमै संलग्न पक्षहरूमाझ त्यति धेरै खुल्ला बहस भइसकेको छैन । बरु बाहिरबाट बहस सुरु भएका छन् । मार्टिन चौतारी र सामाजिक संवादका लागि सहकार्यद्वारा २०६५ को भदौ १९ मा 'स्थानीय रेडियोमा केन्द्रको प्रभाव : रेडियो नेटवर्कको अभ्यास र अनुभव' विषयमा स्थानीय रेडियो, कार्यक्रम उत्पादन गृह, नेटवर्क सञ्चालक र नेटवर्कको वर्तमान अभ्यासमाथि टिप्पणी गर्ने समूहबीच एकैथलोमा संवाद भएको थियो । यसबाहेक नेपाल एफएम नेटवर्कले २०६५ असोज ७ र ८ मा चितवनको नारायणगढमा आफ्ना नेटवर्कका सदस्य रेडियोहरूलाई भेला पारेर राष्ट्रिय सम्मेलन गरेको थियो भने बीबीसी नेपाली सेवा बजाउने एफएम रेडियोको पनि २०६४ माघमा काठमाडौंमा सम्मेलन भएको थियो । *मिडिया संवाद : नेपाली पत्रकारिताबारे अन्तर्वार्ता* पुस्तकमा सामुदायिक रेडियोको अभियानमा संलग्न रघु मैनाली र कम्यूनिकेशन कर्नर/उज्यालो ९० नेटवर्कका सञ्चालक गोपाल गुरागाईंले रेडियो नेटवर्कका विभिन्न पक्षबारे टिप्पणी गरेका छन् (हेर्नुहोस् पराजुली २०६४) ।

अहिले नेपालमा रेडियो नेटवर्क भन्न मिल्ने गरी तीन थरी अभ्यास भएका छन् । पहिलो- रिले प्रसारण । दोस्रो- नेटवर्क रेडियो । तेस्रो- रेडियोको नेटवर्क (पराजुली २०६४ : १२६) । पहिलो किसिमको अभ्यास गर्नेमा काठमाडौँबाट सञ्चालित इमेज एफएम र कान्तिपुर एफएम पर्छन् । यी दुई एफएमले देशका विभिन्न भागमा रिले स्टेसन स्थापना गरेर काठमाडौँबाट उत्पादित तथा प्रसारित कार्यक्रमलाई रिले गर्छन् । यी स्टेसन पूर्वमा धनकुटादेखि पश्चिममा धनगढीसम्म पुगेका छन् ।[६] दोस्रो थरी अभ्यास गर्नेमा रेडियो नेपाल पर्छ । उसले पाँच विकास क्षेत्रमा रहेका आफ्ना क्षेत्रीय प्रसारण केन्द्रमार्फत मिडियम वेभमा प्रसारण गर्छ । क्षेत्रीय प्रसारण केन्द्रले केही समय आफैँले उत्पादन गरेका कार्यक्रम र बाँकी समय केन्द्रीय प्रसारणलाई रिले गर्छन् ।[७] यस बाहेक उसले विभिन्न ठाउँमा रहेका १२ ओटा आफ्नै एफएम रिले स्टेसनको पनि उपयोग गरेको छ । रेडियो नेपालले सर्टवेभ प्रविधि पनि उपयोग गरेको छ । तेस्रो थरीको अभ्यासमा रेडियो अथवा कार्यक्रम उत्पादन गृहले उत्पादन/प्रसारण गरेका कार्यक्रम अन्य एफएम रेडियोले पनि उही वा फरक समयमा बजाउने र रेडियो-रेडियोबीचका कार्यक्रम आदानप्रदान गर्ने अभ्यास पर्छ ।

यस्तै गरी, विभिन्न रेडियोहरूले आपसी सहकार्यका आधारमा केन्द्रमा निश्चित संयन्त्र बनाउने, रेडियोहरूले आ-आफ्नो ठाउँको समाचार उक्त संयन्त्रमा पठाउने र इन्टरनेट प्रविधिको उपयोग गरी सो संयन्त्रले सदस्य रेडियोहरूलाई देशभरका समाचार लिखित रूपमा उपलब्ध गराउने अभ्यास पनि सुरु भएको छ । काठमाडौँबाट सञ्चालित च्यानल १ (उज्यालो ९० नेटवर्क) र च्यानल २ (ओपन च्यानल), नेपाल एफएम नेटवर्क, सञ्चालन तयारीमा रहेको मिर्मिरे एफएम नेटवर्क, सामुदायिक रेडियो साझेदार संयन्त्र यसका उदाहरण हुन् । यसरी हेर्दा नेटवर्क भनेको “देशभरका विभिन्न भागमा अवस्थित रेडियो र फ्रिक्वेन्सीलाई कार्यक्रम र प्रविधिमार्फत एकताबद्ध गर्ने काम” हो (पराजुली २०६४ : १२६ मा उद्धृत गोपाल गुरागाईंसँगको अन्तर्वार्ता) ।

---

६ कान्तिपुर एफएम पूर्वाञ्चल र मध्यमाञ्चलमा ९६.१ मेगाहर्जमा प्रसारण हुन्छ भने पश्चिमाञ्चलको पोखरा, मध्यपश्चिमको नेपालगञ्ज र सुदूरपश्चिमको धनगढीमा छुट्टै फ्रिक्वेन्सी १०१.८ मेगाहर्जमा प्रसारण हुन्छ । इमेज एफएम पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल र नेपालगञ्जसम्म ९७.९ मेगाहर्जमा प्रसारण हुन्छ, मध्यमाञ्चलकै वीरगञ्जमा भने ९७ मेगाहर्जमा प्रसारण हुन्छ (हेर्नुहोस् उप्रेती २०६५) ।

७ रेडियो नेपालका विभिन्न क्षेत्रीय प्रसारण केन्द्रमध्ये सुर्खेतले दैनिक ४ घण्टा र अन्यले दैनिक २ घण्टा आफैँले उत्पादन गरेका क्षेत्रीय कार्यक्रम प्रसारण गर्छन् ।

काठमाडौँमा उत्पादन भई बाहिरका रेडियोमा वितरण हुने कार्यक्रममा समाचार र सूचना तथा विकासमूलक कार्यक्रम छन् । यिनले प्रायः राष्ट्रिय चासोका विषयवस्तु समेट्ने गरेका छन् । अर्थात् तिनले राष्ट्रव्यापी बहसको विषय बनेका घटना वा मुद्दाहरूलाई समेटेका छन् (हेर्नुहोस् अध्याय २) । काठमाडौँबाट उत्पादन भएर स्थानीय रेडियोमा जाने कार्यक्रमको सङ्ख्या बढ्दै गएको छ । एकातिर एक ठाउँमा उत्पादित कार्यक्रम अर्को ठाउँसम्म पुऱ्याउनका लागि आवश्यक प्राविधिक संरचनाले उल्लेखनीय फड्को मारेको छ भने अर्कातर्फ विभिन्न मुद्दामा आधारित कार्यक्रम उत्पादन गर्ने संस्थाहरूलाई श्रोतासम्म पुग्नका लागि स्थानीय क्षेत्रमा लोकप्रिय हुँदै गएका एफएम रेडियो उपयोगी भएका छन् । यी दुवै कारणले रेडियोको नेटवर्किङलाई फैलन सघाएको छ ।

## एफएम रेडियोमा नेटवर्किङ : बहसका विविध आयाम

केन्द्र वा राजधानीबाट उत्पादित कार्यक्रमको चाप स्थानीय एफएम रेडियोहरूमा बढेसँगै नेटवर्किङको आवश्यकता र यसका सकारात्मक वा नकारात्मक पक्षबारे बहस हुन थालेको हो । केहीले अहिले नेपालमा भइरहेको रेडियोमा नेटवर्किङको अभ्यासको आलोचनात्मक विश्लेषण गरेका छन् । अहिलेको अभ्यासले स्थानीय रेडियोको पहिचानलाई नै सङ्कटमा पारेको, परम्परागत केन्द्रिकृत सामन्ती राज्य प्रणालीकै अवधारणालाई बल पुऱ्याएको र केन्द्रबाट मोफसलतर्फ सूचनाको एकतर्फी प्रवाहलाई नै जोड दिएको भन्ने तिनको तर्क छ । यी विश्लेषकहरूका विचारमा नेटवर्किङको अहिलेको अभ्यासले स्थानीय रेडियोलाई परजीवी बनाएको छ, अनि स्थानीय रेडियोमा काम गर्ने जनशक्तिको सिर्जनशीलता घटाएको छ । यस्तो अभ्यासले स्थानीय रेडियो र समुदायलाई नोक्सान पुऱ्याएको निष्कर्ष उनीहरूले निकालेका छन् । नेटवर्किङको आलोचना गर्नेहरूमा सामुदायिक रेडियोको प्रवर्द्धनमा सक्रिय व्यक्तिहरू पर्छन् । तिनै मध्येका एक रघु मैनालीको धारणाले अन्य आलोचकका आवाजलाई पनि प्रतिबिम्बित गर्छ । उनका विचारमा काठमाडौँबाट मोफसलका रेडियोमा समाचार वा कार्यक्रम वितरण गर्ने चलनले सामुदायिक रेडियोको अभियानलाई सकारात्मकभन्दा बढी नकारात्मक असर पार्दछ । उनको भनाइ छ :

> ...यसले सामुदायिक रेडियोको मोफसलदेखि मोफसलतर्फ र मोफसलबाट केन्द्रतर्फ सूचना प्रवाह गर्ने प्रतिप्रवाहको प्रणालीलाई चकनाचुर पार्छ । स्थानीयपन र स्थानीय

> आवश्यकतालाई ओझेलमा पार्छ । प्रसारणको प्राइम टाइम जति यस्ता खाले कार्यक्रमले ओगटिदिन्छन् र सामुदायिक रेडियोको अभियान नै सङ्कटमा पर्छ (पराजुली २०६४ : १११) ।

काठमाडौँमा कार्यक्रम उत्पादन गरी स्थानीय रेडियोलाई वितरण गर्दै आएका रेडियो वा संस्थाको भूमिकामाथि टिप्पणी गर्दै मैनालीले भनेका छन् :

> एकमुष्ट हिसाबले भन्दा स्थानीय रेडियोलाई कार्यक्रम आपूर्ति गर्न काठमाडौँमा सुरु भएका कार्यक्रम उत्पादन गृहहरू सूचनाको प्रवाहलाई केन्द्रबाट मोफसलतर्फ प्रवाहित गर्ने परम्परागत सञ्चार प्रणालीकै इमान्दार एजेन्ट हुन् । यस्ता उत्पादन गृहहरूको सञ्चार स्वभाव अभिजात वर्गका विचार र गतिविधिहरू निर्धा भोकानाङ्गालाई एकोहोरो रूपमा थोपर्ने हुन्छ । शताब्दीऔँ लामो केन्द्रिकृत शासन व्यवस्थाले सिर्जना गरेको 'काठमाडौँ सधैँ र सबै कुरामा उत्तम हो' भन्ने धङधङी नै यी उत्पादन गृहको सम्पादकीय सिद्धान्त हो (पराजुली २०६४ : १११) ।

केही उत्पादन गृहहरूले परियोजनाकै रूपमा भए पनि स्थानीय आवाज र दृष्टिकोणलाई केही मात्रामा कार्यक्रममार्फत समेट्ने प्रयास गरेको भन्दै यस्ता प्रयासलाई भने उनी सकारात्मक रूपले हेर्छन् । यद्यपि "उत्पादन गृहको उपस्थितिले सामुदायिक रेडियोको हकमा भन्दा संस्थागत तथा सामाजिक सञ्चार अभियान दुवैको स्थायित्वका पक्षमा ठूलो नोक्सानी बेहोर्नुपर्ने अवस्था सिर्जना भएको" मैनालीको निष्कर्ष छ (पराजुली २०६४ : ११२) । त्यस्तै, काठमाडौँबाट उत्पादित कार्यक्रम र आफ्ना समाचारमा पनि काठमाडौँकै गतिविधिलाई बढी महत्त्व दिने प्रवृत्ति स्थानीय रेडियोका लागि सुहाउँदो नभएको तर्क रेडियो लुम्बिनीका पूर्व स्टेसन म्यानेजर भरत भुसालले गरेका छन् । उनी लेख्छन्, "राजधानी राष्ट्रको केन्द्र हो । तर राजधानी नै सर्वस्व होइन । राजधानीका हरेक गतिविधिका पछाडि नतमस्तक हुने तर स्थानीय प्रयास र प्रयत्नलाई बेवास्ता गर्ने वा उचित स्थान नदिने प्रवृत्ति स्थानीय एफएम रेडियोहरूमा अझै कायम छ । राष्ट्रिय प्रसारणको हुबहु नक्कल स्थानीय रेडियोका लागि सुहाउने कुरा होइन" (भुसाल २०६५) ।

रेडियोको नेटवर्किङबारेको बहसमा दोस्रो धारले यसको अपरिहार्यतामा जोड दिएको छ । यस धारका एकथरी पक्षधरहरूमा नेटवर्क सञ्चालकहरू छन् । अर्काथरी भने रेडियो सञ्चालकहरू छन्, जसले बाहिरबाट उत्पादित कार्यक्रम रेडियोले बजाएको हुनाले रेडियोलाई आर्थिक रूपमा टिकाउन मद्दत मिलेको ठानेका छन् । उनीहरूले यस्ता कार्यक्रम समुदायका लागि पनि आवश्यक

भएको तर्क गरेका छन् । उनीहरूका विचारमा यस्ता कार्यक्रमले राष्ट्रिय महत्त्व र बहसमा आएका विषयवस्तुबारेमा आफ्ना श्रोताहरूलाई जानकारी दिएका छन् । उनीहरू भन्छन्- पर्याप्त लगानी र दक्ष जनशक्तिले उत्पादन गरेका विभिन्न ढाँचाका स्तरीय कार्यक्रम आफ्ना श्रोताले सुन्न पाएका छन् । यिनका विचारमा राज्यको केन्द्रिकृत संरचनाका कारण सबै किसिमका साधन र स्रोत काठमाडौँमा थुप्रिएका छन् । दूर दराजमा आर्थिक, प्राविधिक तथा जनशक्ति जस्ता स्रोत साधनको अभावमा सञ्चालित रेडियोहरू एक्लै केन्द्रमा थुप्रिएका स्रोतलाई आफ्नो पक्षमा उपयोग गर्न सक्षम छैनन् । नेटवर्कको निर्माणले मात्र त्यस्ता स्रोतहरूसम्म स्थानीय रेडियोको पहुँच पुग्न सक्छ भन्ने उनीहरूको विश्वास छ । उज्यालो ९० नेटवर्कका गोपाल गुरागाईं यस्तै कुरामा विश्वास गर्ने मध्येका एक हुन् । उनी अहिलेको सन्दर्भमा नेटवर्क अपरिहार्य भएकोमा जोड दिन्छन् । नेटवर्कका कार्यक्रमले स्थानीय रेडियोको पहिचानलाई घटाएको नभई बरु अझ बढाएको तर्क गर्दै उनी भन्छन् :

> हाम्रा कार्यक्रमले स्थानीय रेडियोको तीन घण्टा पनि भरिँदैन । बाँकी समय उनीहरूको आफ्नै कार्यक्रम प्रसारण गर्छन् र स्थानीय स्तरमै निर्माण गर्छन् । त्यसैले हामी के कुरामा प्रस्ट छौँ भने हामीले स्थानीय रेडियोलाई थोरै तर उनीहरूलाई चाहिएका कार्यक्रम दिने हो । यस्ता कार्यक्रम राष्ट्रिय तहमा भैरहेका समाचार र विकासमुखी कार्यक्रमहरूको तहमा सीमित छन् । हाम्रो यो सेवाले स्थानीय स्तरमा निर्माण हुने कार्यक्रमलाई स्तरीय बनाउन र राष्ट्रिय तहमा भैरहेका महत्त्वपूर्ण सूचना र समाचार दिएर सूचनामा जनताको पहुँचलाई बढाएको छ । त्यसैले, स्थानीय रेडियोको पहिचान बलियो पार्न हामी सहायक र सहयात्री भएका छौँ (पराजुली २०६४ : १२७) ।

गुरागाईंका भनाइमा उनीहरूले चलाएको नेटवर्क कान्तिपुर र इमेज एफएमको जस्तो रिले प्रसारण वा रेडियो नेपालको जस्तो नेटवर्क होइन । यो त रेडियोको नेटवर्क हो । यो नेटवर्कले केन्द्रिकृत रेडियोको विकल्प दिएको छ ।

कञ्चनपुरस्थित शुक्लाफाँटा एफएमका ऋषिराज लुम्साली पनि स्थानीय एफएम रेडियोका लागि नेटवर्किङ अपरिहार्य भएको ठान्छन् । लुम्सालीका विचारमा जबसम्म पैसा, पावर र प्रविधि काठमाडौँकेन्द्रित हुन्छ, तबसम्म रेडियोमा नेटवर्किङ आवश्यक छ । नेटवर्किङको विरोधमा भइरहेको बहसलाई उनी "मोफसलमा गएका रेडियोलाई प्रविधि सिक्ने, सीप सिक्ने अथवा पैसा प्राप्त गर्ने मौकामाथिको अर्को आक्रमण त होइन ?" भन्ने शङ्का व्यक्त गर्छन् । काठमाडौँका कार्यक्रमले स्थानीय रेडियोको ३३ प्रतिशत समय ओगट्छ भने पनि बाँकी ६७ प्रतिशत

समयमा रेडियोले आफ्नो कार्यक्रम दिन सक्छ । त्यसैले स्थानीय रेडियोमा स्थानीयपन भएन भन्न नमिल्ने तर्क उनले गरेका छन् ।[८]

नेटवर्किङको बहसमा तेस्रो धार समात्नेहरूले चाहिँ यी दुईथरी विचारको मध्यधारको प्रतिनिधित्व गरेका छन् । यस धारले एफएम रेडियोमा नेटवर्किङको विरोध त गर्दैन तर अहिले भइरहेका नेटवर्किङको अभ्यासमाथि सुधारको आवश्यकता भने देख्छ । अर्थात् विद्यमान अभ्यासलाई स्थानीय रेडियो र समुदायको हितमा कसरी बढीभन्दा बढी उपयोग गर्ने भन्नेतर्फ सोच्न आवश्यक भएको उनीहरूको धारणा छ । उनीहरूका विचारमा नेटवर्किङमार्फत स्थानीय रेडियोको प्राविधिक विकास तथा स्तरीय कार्यक्रम उत्पादन र प्रसारण गर्ने काममा दाताको सहयोग प्राप्त गर्न सकिएको छ । तसर्थ, नेटवर्किङ हानिकारक नभए पनि स्थानीय रेडियोहरू अरूले उत्पादन गरिदिएका कार्यक्रम मात्र प्रसारण गरेर केन्द्रमा रहेका उत्पादन गृहका 'क्यासेट प्लेयर' नबनून् भन्नेतर्फ चाहिँ सचेत रहनुपर्ने उनीहरूको धारणा छ । सामुदायिक रेडियो प्रसारक सङ्घ (अकोराब) का अध्यक्ष मीनबहादुर शाही केन्द्रबाट जाने कार्यक्रमको प्रभाव समुदायमा रहेको स्वीकार्छन् । तर शाहीका विचारमा समाचारमा आधारित नेटवर्किङको सन्दर्भमा स्थानीय रेडियोको सम्पादकीय स्वतन्त्रतालाई कसरी स्थापित गराउने भन्नेतर्फ ध्यान दिन आवश्यक छ । साथै, अहिले नेटवर्किङका नाउँमा सूचना वा कार्यक्रमको प्रवाह एकतर्फी मात्र भइरहेको अवस्थामा यसलाई कसरी दुइतर्फी बनाउने र स्थानीय तहका आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र विकासका मुद्दाहरूलाई कसरी उठाउने भन्ने विषयमा पनि गम्भीरतापूर्वक सोच्नुपर्नेमा शाही जोड दिन्छन् ।[९]

युनेस्कोद्वारा सन् २००७ मा नेपालमा सामुदायिक रेडियोको दस वर्षको अभ्यासलाई लिएर गरिएको एक अध्ययनमा पनि रेडियो नेटवर्किङ वा सिन्डीकेटेड कार्यक्रमको बढ्दो अभ्यासले स्थानीय र त्यसमाथि पनि सामुदायिक भनिने रेडियोको समेत प्रसारणको उल्लेख्य समय ओगटेको बताइएको छ । यसले स्थानीय रेडियोमा प्रसारण समय बढाउने अस्वस्थ प्रतिस्पर्धालाई बढावा दिने, महत्त्वपूर्ण समय (प्राइम टाइम) का स्थानीय कार्यक्रमहरू विस्थापित हुने तथा

---

८ मार्टिन चौतारी र सामाजिक संवादका लागि सहकार्यद्वारा २०६५ भदौ १९ मा काठमाडौंमा संयुक्त रूपमा आयोजित 'स्थानीय रेडियोमा केन्द्रको प्रभाव : रेडियो नेटवर्कको अभ्यास र अनुभव' विषयक अन्तर्क्रियामा व्यक्त विचार ।

९ मार्टिन चौतारी र सामाजिक संवादका लागि सहकार्यद्वारा २०६५ भदौ १९ मा काठमाडौंमा संयुक्त रूपमा आयोजित 'स्थानीय रेडियोमा केन्द्रको प्रभाव : रेडियो नेटवर्कको अभ्यास र अनुभव' विषयक अन्तर्क्रियामा व्यक्त विचार ।

शक्तिको प्रवाह केन्द्रबाट मोफसलतर्फ गराउने अवधारणालाई नै बल पुऱ्याउने खतरा उत्पन्न गरेको प्रतिवेदनमा औँल्याइएको छ । क्षमतावान र दक्ष उत्पादन गृहबाट सूचनामूलक तथा विकासे कार्यक्रम निर्माण भएको र त्यस्ता जानकारीसम्म श्रोताको पहुँच पुगेको, केन्द्रले प्राप्त गरेको आर्थिक स्रोतको केही अंश स्थानीय तहसम्म वितरण भएको र कार्यक्रमको वितरणका लागि भरपर्दो नेटवर्क सञ्चालन हुन थालेको कुरालाई यसको सकारात्मक पक्षका रूपमा प्रतिवेदनमा व्याख्या गरिएको छ । यस्ता अभ्यासबाट स्थानीय रेडियोको विकास अभियानमा आउन सक्ने खतरालाई कम गर्न यसलाई प्रभावकारी ढङ्गले नियमन र व्यवस्थापन गरिनुपर्ने जनाइएको छ । स्थानीय रेडियोलाई पनि सँगसँगै कार्यक्रम उत्पादनमा सहभागी गराउँदै तिनको दक्षता अभिवृद्धिमा सघाउनु पर्ने कुरा प्रतिवेदनमा उल्लेख छ (प्रिङ्गल र सुब्बा सन् २००७ : २०, ३०-३१) ।

माथि उल्लेख भएका बहसका विविधि पाटाहरू छरिएर आएका छन् । यस्ता बहस छिटपुट रूपमा पत्रपत्रिका, पुस्तकका अन्तर्वार्ता, अन्तर्क्रिया वा गोष्ठीमा विभिन्न टीकाटिप्पणीका रूपमा देखिएका छन् । तथापि यही विषयमा मात्र केन्द्रित अध्ययन भने हुन सकेको थिएन । अर्थात्, नेपालमा एफएम रेडियोमा नेटवर्किङको अभ्यास के कसरी भइरहेको छ ? यसमा के कस्ता पक्षहरू संलग्न छन् ? नेटवर्किङका माध्यमबाट कस्ता किसिमका कार्यक्रम प्रवाह भइरहेका छन् ? स्थानीय रेडियोमा यी कार्यक्रमको प्रभाव कस्तो छ ? नेटवर्किङबाट स्थानीय रेडियोले के कस्ता फाइदा पाएका छन् र उनीहरूले के कस्ता बेफाइदा भोगिरहेका छन् ? आदि सवालको उत्तर नेपालको एफएम रेडियोको विकासप्रति चासो राख्ने पाठक वा जिज्ञासुले पाउन सकेका थिएनन् । यो पुस्तक यिनै प्रश्न अघि सारेर गरिएको अध्ययनको उपज हो । यसले नेपालमा एफएम रेडियोमा भइरहेको नेटवर्किङको अभ्यासबारेको बहसलाई अगाडि बढाउने उद्देश्य लिएको छ ।

## अनुसन्धान विधि र सीमा

यो अनुसन्धान मुख्यत: एफएम रेडियोको नेटवर्किङको अभ्यासमा संलग्न र असंलग्न दुवै पक्षसँग गरिएको विस्तृत कुराकानीमा आधारित छ । यस क्रममा रेडियो नेटवर्कका सञ्चालक, कार्यक्रम उत्पादन गृहका कार्यक्रम संयोजक, उत्पादक तथा सञ्चालक, रेडियो आन्दोलनमा सहभागी र यसलाई नजिकबाट नियालिरहेका व्यक्तिका साथै एफएम रेडियोका सञ्चालक, व्यवस्थापक तथा कार्यक्रम सञ्चालक, उत्पादक र श्रोता समूह वा क्लबका प्रतिनिधि, अन्य मिडिया तथा पत्रकारको पेशागत सङ्गठनमा आवद्ध व्यक्तिहरूसँग कुराकानी गरिएको थियो । यीमध्ये प्राय:लाई

प्रत्यक्ष भेटेर र केहीसँग टेलिफोनमार्फत विस्तृत कुराकानी गरिएको थियो । यसका अलावा काठमाडौँमा रहेका कार्यक्रम उत्पादन गृह तथा देशका विभिन्न स्थानमा अवस्थित एफएम रेडियोको अवलोकन भ्रमण र सम्बन्धित विषयका सामग्रीको अध्ययन गर्नुका साथै कार्यक्रमका रेकर्ड पनि सुनिएको थियो ।

निश्चित स्रोत तथा समयसीमाका कारण यस अध्ययनका लागि नेपालका सबै भागमा पुग्न सकिएन । थोरै समयमा धेरै भन्दा धेरै एफएम रेडियोको अवस्था बुझ्ने तथा फरक फरक नेटवर्कमा आवद्ध भएका र नभएका एफएम रेडियोलाई समेट्ने उद्देश्यले एफएम रेडियोको घनत्व बढी भएका स्थानलाई छनोट गरियो । यस सिलसिलामा काठमाडौँबाहिरका ५१ ओटा रेडियो स्टेसनको भ्रमण गरिएको थियो । पूर्वाञ्चलको सुनसरी, झापा र मोरङ तथा पश्चिमाञ्चलको पोखरासम्म आफैँ पुग्न नसक्दा विस्तृत जानकारी लिन सकिएन । तर त्यहीँ रहेका व्यक्तिसँग फोनमार्फत र त्यहाँका रेडियो स्टेसनका सञ्चालक समितिका पदाधिकारी तथा स्टेसन म्यानेजरसँग काठमाडौँमा भेटेर ती रेडियोको अवस्थाबारे कुराकानी गरिएको थियो । टेलिफोनबाट सम्पर्क गरी विवरण लिइएका रेडियोहरूमा कास्कीको माछापुच्छ्रे एफएम र रेडियो तरङ्ग छन् । काठमाडौँमा उपलब्ध व्यक्तिसँगको कुराकानीका आधारमा अध्ययन गरिएका रेडियोमा खोटाङको रूपाकोट रेडियो, स्याङ्जाको रेडियो आँधिखोला तथा मोरङको रेडियो पूर्वाञ्चल छन् ।

रेडियोको नेटवर्क बन्ने अभ्याससँगै विभिन्न उद्देश्यका र क्षेत्रका रेडियोको एसोसिएसन निर्माण गर्ने अभ्यास पनि नेपालमा सुरु भएको छ । निश्चित उद्देश्यका रेडियोहरूलाई समेटेर फरक फरक एसोसिएसन गठन भएका छन् । तिनमा सामुदायिक रेडियो प्रसारक सङ्घ (अकोराब), ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल (बान), काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्च र रूपन्देहीका रेडियोहरूको छुट्टै एसोसिएसन– लुम्बिनी प्रसारक सङ्घ पर्दछन् । यिनले आफ्ना सदस्य रेडियोलाई प्रसारण सामग्री उत्पादन गर्ने भन्दा पनि प्राविधिक, आर्थिक तथा अन्य भौतिक सहयोग गर्ने र सम्बन्धित क्षेत्रको नीति निर्माणका क्रममा आफ्नो स्वार्थ पूरा गराउन लबिङ वा वकालत गर्ने गरेका छन् । एक हिसाबले हेर्दा यी पनि नेटवर्किङकै अभ्यास हुन् । तर यो अध्ययनले भने नेटवर्किङको यस्तो अभ्यासलाई समेटेको छैन, यद्यपि तिनले पनि काठमाडौँबाहिर खुलेका स्वतन्त्र रेडियोलाई कुनै न कुनै रूपले प्रभाव पारेका छन् । यस अध्ययनमा केवल काठमाडौँबाहिर स्वतन्त्र ढङ्गले खुलेका एफएम रेडियोहरूमा प्रसारण सामग्री आदानप्रदान गर्ने उद्देश्यले भइरहेका नेटवर्किङका अभ्यासलाई समेटिएको छ । त्यसैले यो अध्ययन काठमाडौँबाहिरका एफएम रेडियोहरूको अवस्था र नेटवर्किङको अभ्यासले तिनमा पारेको प्रभावका बारेमा केन्द्रित छ ।

यस अध्ययनमा नेटवर्किङबारे श्रोताको धारणा कस्तो छ, उनीहरूको रेडियो सुन्ने बानीमा यसले के प्रभाव पारेको छ र आफ्नो समुदायमा खुलेका रेडियोबाट उनीहरू के चाहन्छन् भन्ने कुरालाई समेट्न सकिएको छैन । किनकि यसका लागि व्यापक रूपमा समुदायमा गएर अवलोकन र सर्वेक्षण गर्नुपर्ने हुन्छ जुन कुरा यो अध्ययनको दायराभित्र परेन । श्रोता क्लब र स्थानीय पत्रकार सङ्घ-सङ्गठनका प्रतिनिधि तथा स्थानीय पत्रकार र वुद्धिजीवीसँग कुराकानी गरेर त्यस क्रममा बटुलिएका उनीहरूका विचार भने यस अध्ययनमा समेटिएको छ । स्थानीय रेडियोको अवस्था तथा त्यहाँ संलग्न विभिन्न तहका व्यक्तिको विचार र भोगाइ नै यो अध्ययनको आधार हो ।

यस पुस्तकमा जे जति चर्चा र विश्लेषण छन्, ती २०६५ असोज र कात्तिकमा गरिएको अध्ययन वा भ्रमणमा आधारित छन् । केही व्यक्तिहरूसँग भने लेखन कार्य जारी रहेको अवधि, २०६५ मङ्सिर, पुस र माघ महिनामा पनि कुराकानी गरिएको थियो । ती कुराकानीका क्रममा प्राप्त जानकारी पनि यस अध्ययनमा समेटिएका छन् ।

## पुस्तकको संरचना र यो अध्ययनको निचोड

यो पुस्तकलाई चार अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायले नेपालमा एफएम रेडियोको नेटवर्किङ सुरु भएको प्रसङ्ग र त्यसको विकासलाई समेटेको छ । यस अध्यायमा एफएम रेडियोमा नेटवर्किङ गर्ने अभ्यास कुन स्थितिबाट सुरु भएको थियो र त्यो अभ्यासले कसरी आकार बढाउँदै लगेको छ भन्नेबारेमा विस्तारमा जानकारी दिइएको छ । अहिले नेटवर्किङमा संलग्न पक्षहरू र तिनको पृष्ठभूमिसम्बन्धी जानकारी यसमा छ । नेटवर्किङको अभ्यासमा देखिएका कमी कमजोरीलाई औँल्याउँदै त्यसको विकल्पका रूपमा एक खालका नेटवर्किङको अभ्यास एकातिर भइरहेको छ भने निश्चित राजनीतिक दलका दर्शनबाट निर्देशित रेडियोहरू एक ठाउँमा गोलबद्ध हुने उद्देश्यले अर्को थरी नेटवर्कको जन्म हुन थालेको छ । यसले गर्दा अझै भिन्न भिन्न प्रकृति र उद्देश्यका रेडियो नेटवर्क तयार हुने सङ्केत पहिलो अध्यायले गरेको छ । साथै, नेटवर्किङको अभ्यासकै क्रममा नयाँ नयाँ प्रविधि भित्रिएको र त्यसले यो अभ्यासलाई सहज बनाउँदै लगेको निष्कर्ष पनि यस अध्यायमा निकालिएको छ ।

दोस्रो र तेस्रो अध्यायमा रेडियोको नेटवर्किङमार्फत प्रवाह भइरहेका सामग्रीका बारेमा जानकारी दिइएको छ । दोस्रो अध्यायमा शिक्षा तथा विकासमूलक कार्यक्रमबारे चर्चा छ भने तेस्रो अध्यायमा समाचारको विश्लेषण गरिएको छ ।

यी दुई अध्यायले काठमाडौँबाट मोफसलतर्फ प्रवाह भइरहेका कार्यक्रम र तिनको विषयवस्तुबारे जानकारी दिएका छन् । राष्ट्रिय रूपमा चासो र सरोकारका विभिन्न गतिविधि तथा मुद्दाका बारेमा समाचार र कार्यक्रम उत्पादन गर्दै तिनलाई मोफसलका श्रोतासम्म पुऱ्याउन केन्द्रमा खुलेका विभिन्न किसिमका नेटवर्कले भूमिका खेलेको निष्कर्ष यी दुई अध्यायले निकालेका छन् ।

चौथो अध्याय काठमाडौँबाहिरका एफएम रेडियोको अवस्था र तिनमा नेटवर्किङले पारेको प्रभावमाथि केन्द्रित छ । मोफसलमा रेडियो बढ्नाले उनीहरूबीच सानो बजारका लागि आपसी प्रतिस्पर्धा बढ्दो छ र त्यसले आर्थिक तथा दक्ष जनशक्तिको अभाव जस्ता समस्या उब्जाएको छ । परिणामस्वरूप उनीहरूले काठमाडौँकेन्द्रित राष्ट्रिय सरोकारका गतिविधि र मुद्दा तथा स्थानीय तहकै पनि विभिन्न पक्षलाई समेट्ने कार्यक्रम उत्पादन गर्न सकेका छैनन् । स्थानीय रेडियोबाट राष्ट्रिय महत्त्वका गतिविधि तथा मुद्दामा आधारित कार्यक्रमको माग श्रोताले गर्न थालेपछि नेटवर्किङले फस्टाउने मौका पाएको छ । नेटवर्किङले तयार गर्ने एक किसिमको बजार तथा प्रत्यक्ष आर्थिक सहायताका कारण समेत केन्द्रमा उत्पादित कार्यक्रमप्रति स्थानीय रेडियोहरू आकर्षित भएको विश्लेषण यो अध्यायमा छ । केन्द्रीय विषयवस्तुसम्मको पहुँच कमजोर भएका तथा आर्थिक अभाव भोगिरहेका मोफसलका रेडियोलाई नेटवर्किङले आर्थिक र प्रसारण सामग्रीका हिसाबले सहयोग गरेको भए पनि यसका नराम्रा पक्ष पनि छन् । यसले गर्दा स्थानीय रेडियोले स्थानीय भन्दा नेटवर्ककै कार्यक्रमलाई प्राथमिकता दिएर परनिर्भर बन्दै जाने प्रवृत्ति पनि हाबी हुँदै गएको तितो यथार्थलाई पनि यो अध्यायले उजागर गरेको छ । तसर्थ, नेटवर्कमै मात्र निर्भर रही ढुक्क हुने भन्दा पनि यसबाट प्राप्त फाइदा लिँदै स्थानीय मुद्दा र सरोकारलाई स्थानीय रेडियोहरूले केन्द्रबिन्दु बनाउनु आवश्यक छ । त्यसो गर्दा मात्र स्थानीय रेडियो र समुदायका लागि नेटवर्किङ फलदायी हुन्छ भन्ने निष्कर्ष यस अध्यायले निकालेको छ । समग्रमा भन्नुपर्दा काठमाडौँबाहिरका एफएम रेडियोमा नेटवर्किङको प्रभाव दिनानुदिन बढ्दो छ । यसका कारणलाई निम्न उप-शीर्षकमा चर्चा गर्न सकिन्छ :

### *केन्द्रिकृत राज्य संरचना र स्थानीय क्षेत्रमा यसको प्रभाव*

२०६२/६३ को जनआन्दोलनपछि बनेको नेपालको अन्तरिम संविधान २०६३ मा गरिएको व्यवस्थाअनुसार देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अवधारणामा प्रवेश गरिसकेको छ । २०६५ जेठ १५ मा बसेको संविधान सभाको पहिलो बैठकले नेपाललाई लोकतान्त्रिक गणतन्त्र बनाइसकेको छ । तर सङ्घीय

संरचना कस्तो हुने भन्ने कुरा संविधान सभाले संविधान बनाएपछि मात्र टुङ्गो लाग्ने छ । यस हिसाबले नेपालमा अहिलेसम्म पनि एकात्मक र केन्द्रिकृत राज्य प्रणाली छ । तसर्थ, सम्पूर्ण आर्थिक तथा राजनीतिक गतिविधि तथा स्रोत साधन काठमाडौँमा केन्द्रित छन् । यसले गर्दा मोफसल धेरै किसिमले काठमाडौँमा निर्भर छ । यो कुरा अन्य क्षेत्रका हकमा जति लागू हुन्छ रेडियो प्रसारणका हकमा पनि त्यतिकै लागू हुन्छ । मोफसलमा काठमाडौँ हावी हुने कुरालाई दुई किसिमले हेर्न सकिन्छ । एक, मोफसलमा जे जस्ता सीप, प्रविधि वा आर्थिक सहायता जान्छन्, ती सबै पहिले काठमाडौँमा आउँछन् अनि त्यहाँबाट वितरण हुन्छन् । दुई, सम्पूर्ण देशको नीति निर्माण र राजनीति तथा नीति निर्माता र राजनीतिज्ञ काठमाडौँमा केन्द्रित छन् र यहाँ हुने गतिविधिले सम्पूर्ण राष्ट्रमा प्रभाव पार्छ । त्यसैले यहाँ के कस्ता गतिविधि हुन्छन्, के कस्तो विषयमा छलफल र बहस भइरहेका छन् भन्ने विषयप्रति मोफसलका नागरिकको सधैँ चासो रहन्छ । यस्ता विषय आफ्नो रेडियोमा छुटे भने आफूले श्रोता गुमाउनुपर्दछ भन्ने ठूलो डर मोफसलका रेडियो सञ्चालकहरूलाई छ । तसर्थ, मोफसलका रेडियोको भौतिक पूर्वाधार बलियो बनाउन काठमाडौँमा उपलब्ध आर्थिक र भौतिक स्रोत साधनसम्मको पहुँच बढाउनु स्थानीय रेडियोका लागि महत्त्वपूर्ण छ भने राजधानीमा हुने गतिविधि वा त्यहाँ भइरहेका छलफल र बहसबारे मोफसलका नागरिकलाई सूचित गराउनुपर्ने आवश्यकता मोफसलका रेडियोले महसुस गरेका छन् । यसले गर्दा उनीहरू काठमाडौँसम्म आफ्नो पहुँच कसरी बढाउने भन्ने ध्याउन्नमा लाग्छन् । त्यसका लागि उनीहरू यहाँ रहेका विभिन्न व्यक्ति वा संस्थासँग सम्पर्क/सम्बन्ध राख्न चाहन्छन् ।

### *अस्पष्ट रेडियो नीति र प्रतिस्पर्धात्मक अवस्था*

स्वतन्त्र रेडियोको स्थापना भएको एक दशक नाघिसक्दा पनि राज्यसँग यस क्षेत्रलाई कसरी व्यवस्थित बनाउने र स्वस्थ प्रतिस्पर्धात्मक वातावरण कसरी तयार गर्ने भन्ने विषयमा स्पष्ट नीति छैन ।[१०] विनायोजना हचुवाका भरमा रेडियो प्रसारणका लागि इजाजत पत्र र फ्रिक्वेन्सी वितरण[११] गर्दा सानो बजारमा

---

[१०] नेपालमा हाल सञ्चालन भएका एफएम रेडियोहरूलाई नियमन, वर्गीकरण र सेवा सुविधा दिने कुरामा नीतिगत अन्योल छ । यसको विस्तृत चर्चा हुमागाईं (२०६५) मा गरिएको छ ।

[११] नेपालमा अहिले भइरहेको फ्रिक्वेन्सी वितरणको अभ्यास अवैज्ञानिक र विनायोजना भएको तर्क पवनप्रकाश उप्रेती (२०६५) ले गरेका छन् । उप्रेतीको अध्ययनमा फ्रिक्वेन्सी वितरणमा अहिले कायम अभ्यास र त्यसले पार्ने असर साथै विद्यमान फ्रिक्वेन्सी वितरणलाई व्यवस्थित बनाउन गर्न सकिने सुधारका सम्भावनालाई पनि केलाइएको छ ।

धेरै रेडियो थुप्रिएर तीव्र एवं अस्वस्थ प्रतिस्पर्धा हुन थालेको छ । नीतिगत रूपमा व्यापारिक वा सामुदायिक रेडियोको वर्गीकरण नभएकाले सामुदायिक उद्देश्यअनुरूप स्थापित भनिएका रेडियोहरू पनि यो प्रतिस्पर्धामा उत्रिनुपर्ने अवस्था छ । एकातिर सामुदायिक भनिएका रेडियोलाईसमेत उनीहरूको स्थायित्वका लागि सहयोग गर्ने सरकारको नीति छैन भने अधिकांश रेडियोहरू आफैं पनि दीर्घकालीन योजना र रणनीतिविना देखासिखीमा खोलिएका छन् । योजनावद्ध हिसाबले खोलिएका रेडियोहरू पनि अस्वस्थ प्रतिस्पर्धाको भुङ्ग्रोमा परेका छन् । उनीहरूले आफूलाई पनि त्यही प्रतिस्पर्धामा होमेका छन् (हेर्नुहोस् अध्याय ४) । अरूभन्दा धेरै श्रोतासम्म कसरी पुग्न सकिन्छ भनेर ट्रान्समिटरको क्षमता बढाउने वा टावर नै डाँडामा लगेर राख्ने अभियान रेडियोहरूले चलाएका छन् । रेडियोको दैनिक प्रसारण अवधि सकेसम्म बढाएका छन् । सकेसम्म २४ सै घण्टा र नभए पनि दैनिक १६ देखि १८ घण्टा सञ्चालन हुने रेडियोहरू थुप्रै छन् । त्यसपछि हरेक घण्टा र अझ आधा-आधा घण्टामा समाचार दिनेसम्मका प्रतिस्पर्धा पनि चलेको छ । व्यापारी वा प्रायोजकलाई आफूतिर तान्न विज्ञापन वा प्रायोजनको दर अव्यावहारिक किसिमले घटाउने होड पनि उत्तिकै छ ।

यी सबै किसिमका प्रतिस्पर्धाले रेडियोको सञ्चालन खर्च बढाउँदै लगेको छ र जनशक्तिको माग थपिएको छ । तर, रेडियोहरू सञ्चालन खर्च धान्ने आम्दानीको स्रोत जुटाउन सक्षम छैनन् । बढ्दो माग अनुरूप दक्ष जनशक्ति स्थानीयस्तरमा उपलब्ध छैन । यसले गर्दा स्थानीय विषयवस्तुका साथसाथै राष्ट्रिय चासो र महत्त्वका सामग्रीको बढ्दो माग पूरा गर्न स्थानीय एफएम रेडियो त्यति सक्षम छैनन् । देशका विभिन्न भागमा हुने राष्ट्रिय महत्त्वका समसामयिक गतिविधि र मुद्दालाई समेट्न, विभिन्न विषयमा केन्द्रित र विशेष समूहलाई लक्षित कार्यक्रम तयार पार्न रेडियोको भौतिक पूर्वाधार निकै बलियो हुनुपर्दछ । हाल अति थोरै रेडियोसँग मात्र यस्तो पूर्वाधार छ । यसले गर्दा आफ्नो लगानीविना नै वा कम लगानीमा यस्ता विषयवस्तु उपलब्ध हुनसक्ने विकल्प वा संयन्त्रको रूपमा नेटवर्कलाई एफएम रेडियोहरूले लिएका छन् । अर्कातिर नेटवर्कमार्फत स्थानीय रेडियोले थोरै भए पनि आर्थिक तथा प्राविधिक सहयोग र जनशक्तिको दक्षता अभिवृद्धि लगायतका फाइदा पाएका छन् ।

## *दाता तथा उत्पादन गृहको गतिविधि र तिनको प्रभाव*

एफएम रेडियो प्रसारणका क्षेत्रमा विभिन्न किसिमका सहयोगका लागि दाताको चासो दिनानुदिन बढेको छ । यस क्षेत्रमा रेडियो स्थापना गर्नेदेखि, जनशक्तिको

विकास, प्राविधिक क्षमताको विस्तार, समसामयिक विकासे मुद्दामा कार्यक्रम उत्पादनलगायतका काममा विदेशी दातृसमुदायको सहयोग उल्लेखनीय रहेको छ । नेपालमा एफएम रेडियोको स्थापनाकालदेखि नै प्राप्त यस्ता सहयोगले एक दशकसम्म निरन्तरता पाएको मात्र होइन यो क्रम वर्षैपिच्छे बढ्दो छ । तर, ठूला दाताको के विशेषता छ भने उनीहरूमध्ये अधिकांशजसो काठमाडौँमा केन्द्रित छन् । अझ कतिपयले त काठमाडौँस्थित नेटवर्क वा कार्यक्रम उत्पादन गृहसँग राम्रो सम्बन्ध र सम्पर्क राखी विदेशमै बसेर सहयोग गरेका छन् । त्यसो भएकाले जिल्ला जिल्लामा अवस्थित रेडियोसँग सीधा सम्पर्क र सम्बन्ध कायम गर्न यस्ता दातृसंस्थाका लागि कठिन छ । फेरि पहिले थोरै रेडियो भएका बेलामा रेडियोका कामको मूल्याङ्कन गरी सहयोग उपलब्ध गराउन सहज थियो । हाल आएर रेडियो तीव्र रूपले बढेकाले दाताहरूलाई सबै स्थानीय स्टेसनसँग सीधा सम्बन्ध कायम गर्न कठिन हुँदै गएको छ । तसर्थ, देशभरका रेडियोसम्म एकैचोटी पुग्न सकिने वा बढीभन्दा बढी रेडियोलाई जोड्ने किसिमको संयन्त्रको खोजी र निर्माण गर्ने कामलाई उनीहरूले प्राथमिकता दिए । त्यसैले उनीहरूले काठमाडौँबाहिरका रेडियोलाई प्राविधिक सहयोग गर्नदेखि, जनशक्तिलाई तालिम दिन, लोक कल्याणकारी विज्ञापन तथा विकासमूलक कार्यक्रमको उत्पादन गर्न तथा त्यसको प्रसारण गर्नका लागि विभिन्न उद्देश्य बोकेका सञ्जाल रोज्ने गरेका छन् । प्राविधिक तथा तालिमलगायतका सहयोग सामुदायिक रेडियो सहयोग केन्द्र, सामुदायिक रेडियो प्रसारक सङ्घ र उज्यालो ९० नेटवर्कमार्फत प्रवाह भएका छन् भने रेडियो सामग्री उत्पादन गर्ने र त्यसलाई विभिन्न स्थानका रेडियोमार्फत श्रोतासम्म पुर्‍याउने काम उत्पादन गृहमार्फत हुने गरेका छन् । विदेशी दातृ निकायमात्र नभई स्वदेशी सरकारी वा गैरसरकारी संस्था र राष्ट्रिय स्तरका व्यापारिक गृहहरूले पनि यस्ता नेटवर्क रोज्न थालेका छन् ।

नेटवर्कको प्रभाव बढ्नुमा कार्यक्रम उत्पादन गृहका गतिविधि पनि निकै महत्त्वपूर्ण छन् । काठमाडौँमा केन्द्रित यस्ता गृहहरूले आफूलाई स्तरीय र राम्रा फर्म्याटका कार्यक्रम उत्पादनका लागि स्थापित गराइसकेका छन् । यहाँबाट उत्पादन भएका कार्यक्रमको स्वाद स्थानीय तहका श्रोतामा राम्ररी बसिसकेको छ र ती कार्यक्रम प्रसारण गर्न श्रोताहरूले स्थानीय क्षेत्रका रेडियोसँग माग गर्ने गरेको अध्ययनका क्रममा भ्रमण गरिएका प्रायः रेडियोका स्टेसन म्यानेजर तथा कार्यक्रम उत्पादकहरूले बताएका थिए । यी उत्पादन गृहले तुलनात्मक रूपमा स्तरीय शैली र ढाँचामा कार्यक्रम तयार गर्छन् । त्यस बाहेक उनीहरूले उठाउने विषयवस्तु र मुद्दा पनि नयाँ हुनाले श्रोतालाई यी कार्यक्रमले आकर्षित गरेका

छन् । उत्पादन गृहहरूले स्तरीय कार्यक्रम उत्पादनका लागि आवश्यक लगानी गरेका छन् । समाचारमूलक कार्यक्रम उत्पादन गरी नेटवर्किङ गर्दै आएका संस्थाले पूर्वाधार बलियो बनाउँदै लगेका छन् र आफ्नै स्रोतमा आधारित भएर यस्ता कार्यक्रम उत्पादन गर्न उनीहरू सक्षम छन् । विकासमूलक कार्यक्रम तयार गर्न भने उत्पादन गृहहरूले दातृ निकायको सहयोग जुटाएका छन् । उनीहरूले यस्ता कार्यक्रम प्रसारण गरेबापत आफ्नो सञ्जालभित्रका स्थानीय रेडियोलाई केही मात्रामा भए पनि प्रसारण शुल्क तिर्ने गरेका छन् । कतिपय अवस्थामा कार्यक्रम उत्पादनमा पनि सहकार्य गर्दै आएका छन् । साथै कार्यक्रम उत्पादनका लागि आर्थिक स्रोत, क्षमता अभिवृद्धिका लागि तालिम र उपकरण पनि जुटाइदिएका छन् । यस्तो सहायता पाउने देखेपछि रेडियोहरू नेटवर्कप्रति आकर्षित हुनेक्रम बढ्दो छ । अर्कातिर, आफ्ना उत्पादन गृहहरूले आफ्नो अनुभव पेश गरेर हरेक वर्ष नयाँ नयाँ क्षेत्रमा काम गर्ने स्वदेशी वा विदेशी दातृ निकायबाट नयाँ नयाँ समसामयिक तथा विकासे मुद्दामा कार्यक्रम निर्माणका लागि सहयोग जुटाउने गरेका छन् ।

### *स्थानीय पहिचानको चिन्ता र सहकार्यको आवश्यकता*

नेटवर्किङको मात्रा र यसको प्रभाव बढ्दै जाँदा स्थानीय क्षेत्रका आर्थिक, सामाजिक र सांस्कृतिक मुद्दाहरूलाई प्रभावकारी ढङ्गले उठाउने आशा गरिरहेका व्यक्ति वा समुदायमा चिन्ता बढ्नु स्वाभाविकै हो । अझ व्यापारिक रेडियो मात्र नभएर समुदायका लागि काम गर्न भनेर स्थापित रेडियोहरू समेत नेटवर्किङमा जोडिने होडले त्यो चिन्तालाई झन् बढाएको छ । काठमाडौँमा हुने सभा वा सेमिनारहरूमा प्रकट हुने यो चिन्तामा केही हदसम्म मोफसलका एफएम रेडियोहरू पनि सहमत छन् । केही रेडियोहरू आफूसँग दक्ष जनशक्ति नभएकाले र आर्थिक रूपमा सबल नभएकाले गर्दा आफू बाध्य भएर नेटवर्किङमा सामेल भएको बताउँछन् । नेटवर्किङले स्थानीय रेडियोलाई बिगार्छ भन्ने रेडियोहरूमध्ये कति नेटवर्किङमा पसेका छैनन् । केही त्यसमा सामेल भए पनि एकदम कम कार्यक्रम मात्र लिएका छन् । दैनिक १८ देखि २४ घण्टा प्रसारण हुने रेडियोले २-४ घण्टा बाहिरका र त्यही पनि आफ्ना श्रोताका लागि आवश्यक र उनीहरूले माग गरेका कार्यक्रम बजाउँदैमा स्थानीय पहिचान नगुम्ने तर्क उनीहरूले गरेका छन् ।

जो नेटवर्किङप्रति सकारात्मक छन् वा जसले यसलाई आवश्यकताका रूपमा लिएका छन् उनीहरूलाई त्यस्तो ठान्न बाध्य पार्ने विभिन्न कारणहरू छन्

जसका बारेमा माथि उल्लेख गरिसकिएको छ । नेटवर्किङमा सामेल हुनुलाई आफ्नो आवश्यकता भन्दा पनि बाध्यता ठान्ने रेडियो र नेटवर्किङको विपक्षमा उभिएर त्यसमा सामेल नभएका रेडियोले नेटवर्किङको अभ्यासमाथि मुख्य तीन ओटा आरोप लगाएका छन् । पहिलो, सम्पादकीय स्वतन्त्रता वा अधिकारको हनन् । दोस्रो, सूचनाको एकतर्फी प्रवाह वा विषयवस्तु छनोटमा सहभागिता नहुनु । तेस्रो, कार्यक्रम प्रसारणको समय उत्पादन गृहले छनोट गर्ने प्रवृत्ति र रेडियोको 'प्राइम टाइम' जति नेटवर्कका कार्यक्रमलाई दिनुपर्ने बाध्यता ।

पहिलो अर्थात् सम्पादकीय स्वतन्त्रता वा अधिकारको कुरा प्रायः समाचार वा सूचनामूलक कार्यक्रममा उठाइने गरेको छ । कुनै पनि रेडियोले नेटवर्कको समाचार जस्ताको तस्तै प्रसारण गर्दा उसले सम्पूर्ण रूपले उक्त सेवा प्रदायकको सम्पादकीय नीति मान्नुपर्छ । प्रत्यक्ष प्रसारण गर्ने हुनाले समाचारको प्राथमिकता वा ढाँचालाई स्थानीय रेडियोले तलमाथि गर्न सक्दैनन् । त्यसो गर्ने अधिकार उनीहरूलाई दिइएको हुँदैन । यसरी स्थानीय रेडियोले स्टेसन बाहिरका समूहले बनाएका कार्यक्रम प्रसारण गर्दा आफ्नो सम्पादकीय नियन्त्रणलाई गुमाएका छन् । नेटवर्कका समाचारका आलोचकले सबभन्दा बढी आपत्ति उठाउँदै आएको पक्ष यो हो । अनुसन्धानकर्ता प्रत्यूष वन्तका विचारमा समाचारमूलक कार्यक्रम मात्र नभएर विकासमूलक कार्यक्रमका हकमा पनि केही हदसम्म यो समस्या देखिएको छ । वन्त लेख्छन्, "स्टेसन बाहिरका समूहले बनाएका कार्यक्रम प्रसारण गर्दा आफ्नो सम्पादकीय नियन्त्रणलाई त्यस्ता स्टेसनले केही हदसम्म तिलाञ्जली दिएका हुन्छन्" (वन्त २०६५ : ६९) । समाचार उत्पादन गर्ने पक्षले राखेको व्यापारिक विज्ञापन समाचारको बीचको ब्रेकमा प्रसारण गर्नुपर्ने बाध्यात्मक अवस्था पनि थप आलोचनाको विषय बनेको छ ।[१२] यसै भएर अहिले भइरहेको समाचारको नेटवर्किङबाट असन्तुष्ट भएका र आफूलाई त्यसमा आवद्ध गराउन नचाहने रेडियोहरूले वैकल्पिक बाटोका रूपमा सामुदायिक रेडियो साझेदार संयन्त्र भन्ने लचिलो सञ्जाल बनाएका छन् । यसको सञ्चालनका लागि निश्चित किसिमको संरचना बनाइएको छैन । रेडियोहरूकै आपसी समझदारीमा यो सञ्जाल अघि बढिरहेको छ । यो सञ्जालमा आवद्ध स्थानीय रेडियोहरूबाट विभिन्न ठाउँको लिखित समाचार केन्द्रमा सङ्कलन गर्ने र त्यसलाई इन्टरनेटको

[१२] यस्तो प्रावधान राखेका उज्यालो तथा नेपाल एफएम नेटवर्कले त्यसलाई समाचार उपलब्ध गराएबापत लाग्ने शुल्कको सट्टा स्थानीय रेडियोमा सो समाचारको बीचको ब्रेक उपयोग गरिएको र त्यही पनि व्यापारिक वा सामुदायिक सबै रेडियोका लागि पाच्य हुने विज्ञापन प्रसारण गर्ने गरिएको जनाएका छन् ।

सहायताले पुनः तिनै रेडियोहरूलाई वितरण गर्ने अभ्यास हुन थालेको छ । यो पनि एक किसिमको नेटवर्किङ त हो नै तर कुन समाचार प्रसारण गर्ने वा कुन नगर्ने भन्ने सम्पादकीय स्वतन्त्रता उपयोग गर्ने ठाउँ रेडियोहरूले पाउँछन् भनी यस सञ्जालमा संलग्न रेडियो र यसका समर्थकहरू भन्छन् ।

दोस्रो आरोप चाहिँ समाचार तथा विकासमूलक कार्यक्रम दुवैतर्फ सोझिएको छ । नेटवर्किङमार्फत दोहोरो सम्बन्ध हुनुपर्नेमा केन्द्रका कार्यक्रम थोपरिने तथा स्थानीय क्षेत्रका सरोकार र मुद्दालाई बेवास्ता गरिने हुनाले ती कार्यक्रमले स्थानीय विषयवस्तु ओझेलमा पार्ने वा भइरहेकालाई विस्थापित गर्ने परिस्थिति उत्पन्न भएको तर्क नेटवर्किङको विरोधमा आवाज उठाउनेहरूको छ । तर यो चिन्ताका बारेमा नेटवर्क सञ्चालकहरूले –विशेष गरी विकासमूलक कार्यक्रम उत्पादनका सन्दर्भमा–विस्तारै ध्यान दिन थालेका छन् । कार्यक्रम उत्पादकले सकेसम्म केन्द्र र स्थानीय तह दुवैतिरबाट सहकार्यका आधारमा कार्यक्रम उत्पादन गर्ने र त्यो सम्भव नभएको अवस्थामा पनि स्थानीय क्षेत्रमा आफ्ना संवाददाता राखेर वा पठाएर बढीभन्दा बढी स्थानीय मुद्दालाई समेट्ने प्रयास थालेका छन् । यो प्रयासलाई भने नेटवर्कको विरोध गर्नेहरूले पनि तारिफ गरेका छन् ।

तेस्रो आरोपको बुँदा हो- समाचारमूलक तथा समसामयिक विषयका संवादमूलक कार्यक्रम सबैतिर एउटै समयमा प्रत्यक्ष प्रसारण गर्नुपर्ने प्रावधान । यस प्रावधानले गर्दा रेडियोहरूले त्यस्ता कार्यक्रम आफ्नो स्टेसनको अनुकूल समयमा प्रसारण गर्न पाउँदैनन् । उत्पादन गृहहरूले अधिकांश विकासमूलक कार्यक्रम स्थानीय रेडियोले महत्त्वपूर्ण मान्ने समयमा प्रसारण गर्छन् । कतिपय संस्थाले यस्ता कार्यक्रम पनि लाइभ प्रसारण गर्नुपर्छ भन्ने जिद्दी लिएका छन् । यो कुरा स्वीकार नगर्नेलाई आफ्नो नेटवर्कमा आवद्ध नगराउने वा कार्यक्रम नदिने नीति उनीहरूको छ । तर, सबै उत्पादन गृहको चाहना सकेसम्म रेडियोले प्रत्यक्ष प्रसारण गरिदिए हुन्थ्यो भन्ने भए तापनि अधिकांशले यसलाई बाध्यकारी सर्तका रूपमा राखेका छैनन् । अर्थात्, स्याटेलाइटमा कार्यक्रम प्रसारण भइरहेको समयमा रेकर्ड गरेर रेडियोहरूले आफूलाई उपयुक्त हुने समयमा प्रसारण गर्नसक्ने लचकता ती संस्थाले प्रदान गरेका छन् । तर अधिकांश रेडियो आफैँले नै त्यो सुविधाको उपयोग गरेका छैनन् ।

अहिले नेटवर्कको पक्षमा बोल्ने वा यसको आलोचना गर्ने दुवै थरीले गरेको तर्कको साझा निष्कर्ष स्थानीय रेडियो र समुदायमा काठमाडौँप्रति चासो छ भन्ने नै हो । साथै, राष्ट्रियस्तरका गतिविधि तथा मुद्दाहरू पनि स्थानीय रेडियोले

दिनुपर्छ र त्यसका लागि रेडियो एक्लै सक्षम छैनन् भन्ने पनि स्वीकार गरिएको छ। फरक यत्ति छ कि नेटवर्कको अहिलेको अभ्यासलाई समर्थन गर्नेहरूले यसैबाट रेडियो र समुदायको हित देखेका छन् भने यो अभ्यासका आलोचकहरू विरोध गर्दागर्दै पनि फरक प्रक्रिया सहितको सुधारिएको नेटवर्कको वकालत गरिरहेका छन्। किनभने राज्य केन्द्रिकृत छ, ऋषिराज लुम्सालीले भने जस्तै पैसा, पावर र प्रविधि काठमाडौँमा नै थुप्रिएको छ।